# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६८) काठमाडौं, जेठ २२ गते, २०७५ साल (संख्या ८**

## भाग ३

नेपाल सरकार

**अर्थ मन्त्रालयको**

सूचना-१

**मूल्य अभिवृद्धि कर (बीसौं संशोधन) नियमावली, २०७५**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"६६घ. <u>निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गराउनु पर्ने</u> : (१) निकासीकर्ता वा पैठारीकर्ताले ऐनको दफा ८९ख.



बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै विभाग वा विभागले तोकेको भन्सार कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा निवेदनसाथ पाँच हजार रुपैयाँ दस्तुर र देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको तीन लाख रुपैयाँ बराबरको बैङ्क जमानत।

(३) उपनियम (१) बमोजिम आर्थिक वर्ष शुरु हुनु अगावै नवीकरण गराउन नसकेमा देहाय बमोजिमको अवधिभित्र उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर तिरी सोही आर्थिक वर्षभित्र नवीकरण गराउन सकिनेछ :-

(क) असोज मसान्तभित्र भए पचास प्रतिशत,

(ख) असार मसान्तभित्र भए शतप्रतिशत ।

(४) उपनियम (३) बमोजिम नवीकरण नगराएमा प्रत्येक आर्थिक वर्षको लागि उपनियम (१) बमोजिमको दस्तुरमा थप दशहजार रुपैयाँ दस्तुर तिरी पाँच वर्षसम्म नवीकरण गराउन सकिनेछ । सो अवधिभित्र पनि नवीकरण नगराएको सङ्केत नम्बर स्वतः खारिज हुनेछ।

६६ङ. <u>**समन्वय समिति**</u> : (१) भन्सार जाँचपास प्रक्रियालाई सहज एवं सरलीकरण गर्न र समन्वयात्मक रुपमा भन्सार व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) महानिर्देशक, विभाग -संयोजक

(ख) महानिर्देशक, औषधी व्यवस्था विभाग - सदस्य

(ग) महानिर्देशक, खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य